पालिका सन्देश
"स्थानीय तहको सञ्चार सारथी"
साप्ताहिक

।। वर्ष : ३ ।। अंक : ४ ।। ।। २०८२ भदौ ४ बुधबार ।। 20 Aug. 2025, Wednesday ।। पृष्ठ : ६ ।। मूल्य : रु. १०/- ।। www.palikasandesh.com

## बुद्धशान्ति न्यायिक समितिको तीन वर्ष

# मेलमिलापका माध्यमबाटै दुबै पक्षलाई न्याय दिन्छौं : उपाध्यक्ष खतिवडा




**बुद्धशान्ति (पालिका सन्देश)** । पछिल्लो समय आफूलाई कुनै समस्या परे स्थानीयले न्यायिक समिति गुहार्न थालेका छन् ।

प्रहरीसमक्ष जानभन्दा न्यायिक समितिमा पुगेर आफ्ना समस्याहरू खुलेर सुनाउन थालेका छन् । स्थानीय तहमा रहेका न्यायिक समितिले न्याय सम्पादनको काममा सक्रियता देखाएपछि जनतामा न्यायको पहुँच बढ्दो छ । अधिकांश स्थानीय तहका न्यायिक समितिमा उजुरीहरू आउने क्रम दैनिक बढ्दो छ ।

आफैले प्रत्यक्ष रूपमा भोट हालेका जनप्रतिनिधि स्थानीय न्यायिक समितिमा भएकाले नागरिकहरू समस्या लिएर वडा तथा पालिकाको न्यायिक समितिसम्म पुग्न सहज महसुस गर्ने गरेको बुद्धशान्ति गाउँपालिका उपाध्यक्ष एवम् न्यायिक समितिका संयोजक भवानी प्रसाद खतिवडाले बताएका छन् । मेलमिलापकर्ता मार्फत् वडामा समाधान हुन नसकेका विवादहरू पालिकाको न्यायिक समितिमार्फत समाधान हुन थालेपछि नागरिकलाई पनि सजिलो भएको छ । न्यायिक समितिका संयोजक खतिवडाले भने, "जनप्रतिनिधिको रोहबरमा मेलमिलापकर्ताले नै विवाद समाधानको प्रयास गर्ने भएकाले दुवै पक्ष खुशी हुने गरेका छन् ।"

२०७९ बैशाखमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित भएर आएयता तीन वर्ष पुरा भएको छ । बुद्धशान्ति गाउँपालिकाको न्यायिक समितिले पछिल्ला तीन आर्थिक वर्षमा स्थानीयस्तरका सयौं बिबाद समाधान गर्दै प्रभाबकारी भूमिका निर्वाह गरेको छ । तीन आर्थिक वर्षमा २०५ वटा विवाद दर्ता भएकोमा १७४ वटा विवाद दुबै पक्षलाई मिलाएर समाधान गरिएको संयोजक खतिवडाले बताए ।

उनका अनुसार आर्थिक वर्ष ०७९/०८०, ०८०/०८१ र ०८१/०८२ का तथ्यांकले अधिकांश विवादहरु मिलापत्र, कानुनी प्रावधान र अन्य प्रक्रियामार्फत टुंग्याएको स्पष्ट देखाउँछ । आर्थिक वर्ष ०७९/०८० मा ६२ बिबाद दर्ता हुँदा ५७ समाधान र ५ समाधान हुन बाँकी रहेका छन् । आर्थिक वर्ष ०८०/०८१ मा दर्ता भएका ६९ विवादमध्ये ५९ टुंगिएका छन् ।

यस अवधिमा २५ बिबाद मिलापत्र भएका जसमा (१० वटा वडा कार्यालयमार्फत) समाधान भएका, १९ बिबाद अदालत पुगेका, १४ विवाद सहमती भएपनि मिलापत्र हुन नसकेका छन् । एउटा बिबाद कानुनको दफा ४७ (१) बमोजिम निर्णय गर्दै टुंगिएको र १० वटा बिबाद बाँकी रहेको जनाइएको छ ।

त्यस्तै, आर्थिक वर्ष ०८१/०८२ मा ७४ वटा बिबाद दर्ता हुँदा ५८ समाधान भएका छन् । यस वर्ष ३४ विवाद मिलापत्रबाट, दुईवटा बिबाद कानुनको दफा ४७ (१) अनुसार, १२ मुद्दा अदालत पुगेका, १० लगतकट्टा तथा समाधान हुन बाँकी विवाद १६ रहेका छन् ।

तथ्यांकले देखाएझैं गाउँपालिकामा सबैभन्दा बढी बिबादहरु जग्गासम्बन्धी र लेनदेनसम्बन्धी रहेका छन् । त्यसपछि अंशबण्डा र श्रीमान–श्रीमती सम्बन्धी बिबाद प्रमुख रुपमा देखिएका छन् । साथै गालीबेइज्जती, सम्बन्धविच्छेद, ज्याला–मजदुरी, घरायसी हिंसा, मानाचामल, घरभाडा, बाटो र जग्गा रोक्का जस्ता मुद्दाहरु पनि दर्ता भएका छन् । "स्थानीय तहको न्यायिक समितिको सक्रियताले जनताको बिबाद समस्या समाधानमा सहजता आएको छ," संयोजक खतिवडाले बताए ।

अहिलेसम्म न्यायिक समितिमा गरिएको मिलापत्र र निर्णयबाट नागरिक सन्तुष्ट पनि देखिएका छन् । न्यायिक समितिमा भएको निर्णयबारे अहिलेसम्म प्रहरीमा कुनैपनि गुनासो नआएको प्रहरी कार्यालयले समेत जनाएको छ ।

## अलैंचीले भाउ पायो

**बुद्धशान्ति (पालिका सन्देश)** । उत्पादनको सुरुवाती 'सिजन'मै 'खोल्साको सुन' उपनामले चिनिने पूर्वी पहाडको नगदे बाली अलैंचीले उच्च भाउ पाएको छ । अलैंचीको खरिद बिक्री हुने नेपालकै ठूलो बजार बिर्तामोडमा यो साता प्रतिमन ९४ हजारमा कारोबार भएको नेपाल अलैंची व्यवसायी महासङ्घका कार्यकारी निर्देशक अनिल ढुङ्गानाले बताएका छन् । "यो निकै राम्रो भाउ हो" उनले भने, "गत वर्ष अहिलेकै सिजनमा अलैंचीको कारोबार प्रतिमन ४० हजारसम्ममा भएको थियो ।" अलैंचीको यो भाउ बिगत सात वर्षकै उच्च मानिएको छ ।

२०७५ मा बर्खाको सिजनमा अलैंचीको प्रतिमन मूल्य एकलाख पाँच हजारसम्म पुगेको थियो । सोही सालको मङ्सिरमा मूल्य अझ बढेर प्रतिमन एकलाख सात हजार पुगेको थियो । २०६७ सालमा प्रतिमन अलैंची एक लाख २० हजारसम्ममा कारोबार भएको थियो । त्यसभन्दा बढी मूल्यका अलैंचीको कारोबार कहिल्यै भएको छैन ।

भदौ–असोजतिर भाउ धेरै हुनु भनेको मङ्सिर–पुसतिर अझै बढ्न सक्ने सङ्केत भएको उनको भनाइ छ । अहिले बढेको भाउले अलैंची उत्पादन गर्दै आएका किसान प्रत्यक्ष लाभान्वित हुने भएका छन् । किसानले बेच्ने बेलामा अलैंचीको भाउ उच्च हुँदा किसान उत्साही भएका हुन् । किसानबाट यतिबेला किनेको अलैंची भण्डारण गरेर व्यापारीहरूले मङ्सिर–पुसतिर भाउ आकासिएपछि बेचेर धेरै मुनाफा कमाउने गरेका छन् ।

नेपालका ४२ जिल्लामा

*बाँकी पृष्ठ २ मा*





*अपाङ्गता भएका नागरिकहरूलाई सहजरूपमा दैनिक जिवनयापनमा सहज होस् भन्ने उद्देश्यले झापाको बुद्धशान्ति गाउँपालिकाले सहायक सामग्री वितरण गरेको छ । पालिकाको परिसरमा गाउँपालिका उपाध्यक्ष भवानीप्रसाद खतिवडाले ट्राइसाइकल वितरण गरेका छन् । यसअघि पनि पालिकाभित्रका शारीरिक रूपमा असक्त नागरिकलाई ह्वील चियर, बोकर, ह्वाइट स्टीक, बैसाखी लगायतका सामग्री वितरण गरिएको गाउँपालिका महिला तथा बालबालिका शाखा प्रमुख मीना बिष्टले बताएकी छिन् ।*


## Notice

This is to inform the public that Tika Maya Nembang Tamang, daughter of Manraj Nembang and grand daughter of Bhawani Prasad Nembang, residing in Falgunanda Rural Municipality-4 (formerly Chilingdin-9, Panchthar District), and wife of Chandra Bahadur Tamang, son of Dilprasad Tamang and grandson of Dhanraj Tamang of Fakfokthum, Illam District, who is a Rifleman (No. 343008) in the Indian Army 5/11, had her name recorded in Indian documents as Tika Maya Tamang Nembang. From now on, her name will be officially recognized according to Nepali citizenship law as Tika Maya Nembang. This notice is issued for public information.


# बर्नेमा दशैंको अवसरमा नकआउट भलिवल प्रतियोगिता हुने

**बुद्धशान्ति (पालिका सन्देश) ।** झापाको बुद्धशान्ति-४ मा वडादशैंको अवसर पारेर नकआउट भलिबल प्रतियोगिताको आयोजना गरिने भएको छ । मामंखे समाज झापाको आयोजनामा आउँदो असोज ११, १२ र १३ गते भलिबल प्रतियोगिताको आयोजना गरिने आयोजक कमिटिले शनिबार पत्रकार सम्मेलन गरी जानकारी गराएको छ ।

पत्रकार सम्मेलनमा समाजका अध्यक्ष प्रकाश माबोले ताप्लेजुङ जिल्लाको साबिकको मामंखेबाट बसाईसरी आएर झापाका विभिन्न क्षेत्रहरूमा बसोबास गर्दै आएका बासिन्दाहरूको संस्था रहेको यस संस्थाले स्थापनाको छोटो समयमा सामाजिक कार्य गरी स्थानीयस्तरमा कार्य गर्दै आएको अवगत गराउँदै यसपालिको बडादशैंमा नकआउट भलिबल प्रतियोगिताको आयोजना गरिने जनाएका छन् ।

बैठकले योजना पास गरेर नकआउट भलिबल प्रतियोगिता खेल आयोजना गरिएको संस्थाका महासचिव मोहन माबोले बताएका छन् । उनले खेलको माध्यमबाट स्थानीयस्तरमा समाजलाई आवश्यक पर्ने सभाहल निर्माण गरिने बताए । उनले प्रतियोगितामा सबैले सक्दो सहयोग गर्न आग्रह समेत गरेका छन् ।

महासचिव माबोका अनुसार प्रतियोगितामा बिजेतालाई नगद ५१ हजार सहित मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिने छ भने उपविजेतालाई ३१ हजार नगद सहित मेडल, ट्रफी र प्रमाणपत्र प्रदान गरिने छ । यसका साथै बिधागत रूपमा समेत पुरस्कार प्रदान गर्ने जनाइएको छ ।




प्रतियोगिता स्थानीय बर्ने वर्कसपको खेल मैदानमा हुने जनाइएको छ । खेल सम्पन्न गर्न करिव २ लाख ५० हजार खर्च लाग्ने अनुमान गरिएको संस्थाका कोषाध्यक्ष नारायण माबोले बताएका छन् । पत्रकार सम्मेलनमा संस्थाका पदाधिकारी, खेलाडी, स्थानीय, समाजसेवी लगायतको उपस्थिति रहेको थियो ।







## अबतपाई हाम्रो शहर बुधबारेमा
लिला डाइग्नोष्टिक सेन्टरमा उपलब्ध सेवाहरु :

**डा.दिनेश पोखेल**
एमबीबीएस एमडी रेडियोलोजिस्ट
भिडियो एक्स्रे, युसीजी सेवा
(प्रत्येक आइतबार र मंगलबार बिहान १०:०० बजेदेखि)

---

**डा. आकाश कोइराला**
एमबीबीएस एमडी, बरिष्ठ फिजिसियन (BPKIHS DHARAN)
पेट, छाती, दम, मुटु रोग बिशेषज्ञ
(प्रत्येक दिन दिनको ३:०० बजेबाट)

---

**डा.दिपायल पाण्डे**
एमबीबीएस एमडी (BPKIHS DHARAN)
बरिष्ट छाला, यौन तथा सौन्दर्य रोग विशेषज्ञ
डेल्फी स्किन दमकबाट (हरेक बिहीबार १:०० बजेबाट)

---

**डा.ज्योती अग्रवाल**
एमबीबीएस एमडी (BPKIHS DHARAN)
बरिष्ट बाल रोग तथा नवजात रोग बिशेषज्ञ
(प्रत्येक मंगलबार र शनिबार)

---

**डा. अजय अग्रवाल**
एमबीबीएस एमडी (BPKIHS DHARAN)
वरिष्ठ स्त्री तथा प्रशुती रोग विशेषज्ञ
(प्रत्येक मंगलबार र शनिबार)

**नोट** : यहाँ प्याथोलोजी, ल्याब, भिडियो एक्सरे, फार्मेसीको सुविधा समेत उपलब्ध छ ।

*दैनिक डिजिटल एक्सरेको सेवासँगै थाइराइड, भिटामिन बी १२, भिटामिन डी पनि दैनिक परिक्षण गरिन्छ ।*

**लिला डाइग्नोष्टिक सेन्टर**
बुद्धशान्ति-१, बुधबारे बजार (बीच चोक) पुरानो चिउरा मिल अगाडि
सम्पर्क नं. ९८२४२०५३३०/९८४९५०९८१७



## समयमै कर तिरौं, नगरको विकासमा सहभागी बनौं

- नगरमा तिर्नुपर्ने कर समयमै तिरौं ।
- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुरा नखाऔं ।
- सडक तथा सार्वजनिक स्थानमा छाडा रूपमा चौपायाहरू नछोडी सभ्य नागरिकको पहिचान दिऔं ।
- सडक तथा पेटी–किनारामा आवागमनमा अवरोध हुने गरी निर्माण सामग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- बालबालिकालाई काममा होइन, विद्यालय पठाऔं ।
- प्लाष्टिकमुक्त नगर बनाउन सहयोग गरौं ।
- आफ्नो घर वरपर विरुवा रोपी हरित नगरीको रूपमा विकास गरौं ।
- नगरपालिकाबाट इजाजत लिएर मात्र घर निर्माण गरौं ।

बुद्धशान्ति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, बुधबारे, झापा


पी.एस.टी नेपाल मिडिया प्रा.लि.द्वारा प्रकाशित **पालिका सन्देश साप्ताहिक**, कार्यालय : **बुद्धशान्ति-३ झापा**, सम्पर्क : ९८६१०४२८०४, सम्पादक : **तीर्थराज तिम्सिना**
क.दर्ता नं : २६०८९९/०७७/०७८, इमेल : *palikasandesh@gmail.com, tirthatimsina508@gmail.com*, ले-आउट : **सन्तोष शर्मा**, वितरण प्रमुख : हरि घिमिरे, मुद्रण : **श्री गणपति अफ्सेट प्रेस**, बिर्तामोड, झापा ।

## प्रेरक भनाइ

महान् चरित्रको निर्माण महान् विचारबाट हुन्छ ।
– विवेकानन्द ।

## सम्पादकीय

# तीजलाई विकृति र विसंगति हुन नदिऔँ

**महिलाहरुको महान चाड हरितालिका तीज नजिकिएको छ। आफ्नो श्रीमानको दीर्घायूको कामनासहित हिन्दू नारीहरुले मनाउने चाड पछिल्लो समय हिन्दू नारीहरु मात्रै नभएर सबैलाई छुने गरेको छ। तीजको धार्मिक तथा साँस्कृतिक मुल्य र मान्यता जे सुकै भएतापनि तीज महिलाको स्वतन्त्रतासँग जोडिएको पर्वका रुपमा लिने गरिन्छ। नारीहरुले आफ्नो दिल खोलेर आफ्ना सुख दुख साटासाट गर्ने, पीरवेदना सुनाउने अनि माइतीसँग भेटघाट गर्ने अवसर तीजले जुटाउँदै आएको छ।**

**पछिल्लो समय प्रविधिको बढ्दो बिकाससँगै तीज पनि बदलिएको पाइन्छ। हरेक पर्व, सांस्कृतिक चाडबाड समयक्रममा बदलिदै आएका छन्। अहिले तीज एक महिनाअघिदेखि सुरु भएको छ। अहिले समय अनुसार घरमा मात्रै नभएर संस्थागत रुपमा तीज मनाउँदै आएको पाइन्छ। यसरी हेर्दा तीज बदलिनु स्वभाविक जस्तो लागेको छ। अहिले तीजको धार्मिक सांस्कृतिक पक्षभन्दा फरक खालका प्रवृत्तिहरु देखिन थालेका छन्। तीज भड्किलो बन्दै गएको, तीजको नाममा विभिन्न विकृतिहरु भित्रिदै गएकोमा चिन्ता पनि देखिन थालेको छ। आधुनिकतासँगै भित्रिएका उच्छृंखल गीत, नृत्य र बजारीकरणले तीजको मौलिकतामाथि नै प्रहार गरिरहेको महसुस हुन्छ।**

**नेपाली हिन्दू महिलाहरुले परापूर्वकालदेखि मनाउँदै आएको तीजले प्रायः सबैलाई छोएको छ। तीजका अवसरमा गरिएका गतिबिधि देखावटी होइन भन्ने देखाउन ब्यबहारिक रुपमा समान अधिकार, समान सहभागिता, महिला अधिकार र असमानता हटाउन लाग्नु पर्दछ। नेपाली महिलाहरुको सांस्कृतिक पर्व तीजलाई बिकृति र बिसंगति हुन नदिन महिला अधिकारवादी र महिला संघ संगठनहरु लाग्नुपर्दछ। चाडपर्वलाई सबैले सहजरुपमा मनाउन सक्ने अवस्था हट्दै गएको छ। चाडपर्व महंगो र भड्किलो बन्दै गएको छ। तीजलाई महिलामाथी हुने भेदभाव र कुसंस्कार बिरुद्ध अधिकार प्राप्ति र दिदीबहिनीहरुबीचको मिलनको चाडको रुपमा विकास गर्न आवश्यक छ। हरितालिका तीजको सबै दिदीबहीनीहरुमा हार्दिक शुभकामना।**

## अलैँचीले...

अलैँचीखेती हुने गरे पनि कोशी प्रदेशका पाँचथर, ताप्लेजुङ, इलाम, सुनसरी, खोटाङ, भोजपुर र तेह्रथुम जिल्लामा धेरै उत्पादन हुने गरेको छ । कोशी प्रदेशमा सात हजार ५०० हेक्टरभन्दा बढी क्षेत्रफलमा अलैँची खेती हुँदै आएको छ । आर्थिक वर्ष २०८१/८२ मा काँकडभिट्टा नाका भएर रू. सात अर्ब ६७ करोडको अलैँची भारत निर्यात भएको मेची भन्सार कार्यालयले जनाएको छ । नेपालमा उत्पादित अलैँचीको ९० प्रतिशत निर्यात हुने गरेको छ । नेपालबाट भारत पुगेको अलैँची त्यहाँबाट 'ब्रान्डिङ' भएर विश्व बजारमा पुग्ने गरेको छ । विश्व बजारमा नेपाली अलैँचीले सोझो पहुँच पुऱ्याउन सकिरहेको छैन ।

# बुबालाई सम्झिने दिन र कुशे औँसी

**❍ शरद कुमार पौडेल**

नेपालीहरूको चाडबाड दिनानुदिन नजिकिँदो छ । भर्खरै मात्र जनैपूर्णिमा बिदा भएको छ । अब बुबाको मुखहेर्ने दिन अर्थात कुशे औँसी आएको छ । यस बर्ष आउँदो शनिबार परेको छ । हिन्दू वैदिक परम्परा अनुसार भाद्र कृष्ण औँसीलाई कुशे औँसी वा बुबाको मुखहेर्ने दिन भनिन्छ । यसको अर्को नाम गोकर्ण औँसी पनि हो । यस दिनको पहिलो काम कुशलाई घरमा ल्याउनु हो । नयाँ कुश नभएसम्म कुश प्रयोगमा आउने सबै कर्महरू प्रारम्भ गरिँदैन । यस दिन काटिएको वा उखेलिएको कुशको मान्यता १ वर्ष सम्म रहन्छ ।

कुश के हो ? यसको उत्पत्ति कसरी भयो ? कसरी घरमा ल्याइन्छ र के-के काममा प्रयोग गरिन्छ भन्ने जस्ता विषयमा सामान्य जानकारी हुनु राम्रो मानिन्छ । कुश बाहिरि आँखाको हेराइमा खर(उर्लुक) वा शिरूजस्तै एक प्रकारको घाँस हो । तर आध्यात्मिक दृष्टिबाट यो पवित्रतम् वस्तु हो । यो तराईभागमा प्रसस्त पाईन्छ भने पहाडी भागमा कम मात्रामा पाईन्छ ।

बराहरूपी विष्णुले पृथ्वीको उद्दार गरेपछि यज्ञबराहको रूपमा प्रार्थना गर्दा रौंलाई नै कुशको रूपमा मानेको विश्वास छ भने कतै विष्णुले समुन्द्र मन्थन गर्दा कुशको उत्पत्ति भएको हो भन्ने धारणा पनि रहेको पर्नाछ । यस्तै वृन्दाको श्राप पुरा गर्न भागवान विष्णुले कुशको रूप धारण गर्नु भएको व्यहोरा श्री स्वस्थानी ब्रतकथा प्रसङ्गमा पाइन्छ ।

अर्को प्रसङ्गमा बिरन्तीना सहोत्पन्न मन्त्रअनुसार सृष्टिकर्ता ब्रह्माजीका साथसाथै कुशको पनि उत्पत्ति भयो भन्ने मान्यता छ । यसरी अलौकिक शक्तिद्वारानै कुशको उत्पत्ति भएको हो भन्ने कुरा स्पष्ट रूपमा बुझ्न सकिन्छ । कुश घरमा ल्याउने यस पवित्र दिनमा सबेरै उठी, स्नानआदि कर्म सम्पन्न गरी सुद्ध, सफा सेतो वस्त्र लगाई कुश भएको ठाउँमा गई ॐ मन्त्र उच्चारण गर्दै कुशलाई स्पर्श गर्ने र सँगै लगेको जौ, तिल, चन्दनले पुजा गर्दै यस मन्त्रले प्रार्थना गर्ने चलन छ ।

*बिरन्तीना सहोत्पन्न परमेष्ठिनीसर्जन ।*
*नुद सर्वाणि पापानि दर्भ ! स्वस्तिकरो भव ।*

कुश उखेल्ने वा काट्ने प्रसङ्गमा फरक-फरक बुझाइ रहेको पाइन्छ । नित्यकर्म-पूजाप्रकाश भन्ने पुस्तकको कुशोत्पाटन-विधि (पेज ४३) मा कुश उखेल्ने विधिलाई स्पष्ट पारेको छ । पितृकार्यका लागि जरै सँगको कुश चाहिने हुँदा यसका लागि कुश उखेल्नु नै श्रेय हुन्छ । कसैले यस्तो कुश पितृ कार्यकै दिनमा उखेली प्रयोग गरेको पाईएको र धेरैले कुशे औँशीका दिन जरै सहित उखेलेको कुश प्रयोग गर्ने गरेको पाइन्छ ।

कतैकतै फेदैदेखि काटिएको कुशलाई पनि प्रयोगमा ल्याएको पाइन्छ । श्राद्धको पिण्डपूजा गर्ने क्रममा शुद्ध माटो माथि जरा सहितको कुश, त्यसमाथि पातमा पिण्ड राखी पुजा गर्ने चलन छ । कुश पितृतिर्थ (बुढीऔंला र चोर औंलाकोबीच)बाट उखेल्नु पर्छ । यसलाई व्यवहारिक उदाहरणको रूपमा मकैको बोट उखेल्दा भैँ गरी उखेल्ने भनेर बुझ्न सकिन्छ । यसरी उखेल्दा 'हुँ फट्' भन्ने मन्त्र उच्चारण गर्ने चलन पनि रहेको पाइन्छ ।

कुशलाई काटेर प्रयोग गर्ने सन्दर्भमा साह्रो माटो, जरै सहित उखेल्न खोज्दा पनि चुँडिने, उखेलिएको खण्डमा अर्को वर्ष कुश उत्पादन कम हुने, उखेल्दा हात काटिन सक्ने तथा एकै झड्कामा उखेल्नु आँफैमा कठिन काम भएर नै प्रार्थना गर्दै हतियार (आसी) लगाई काट्ने व्यबहारिक चलन पनि छ । यसरी केही कुश जरैदेखि उखेली, बाँकी हतियार लगाई काट्ने परम्परा व्यबहारिक देखिन्छ । कुश उखेल्न वा काट्न बस्दा पूर्व वा उत्तरतर्फ फर्कने चलन पनि छ ।

कुशबाट यज्ञ यज्ञादिलाई आवश्यक पर्ने वस्तुहरूमा औंठी (पवित्र), ब्रम्हपवित्र, मोटक, तीनकुशे, ब्रम्हकुशाआदि बनाइन्छ । कर्मपात्र तथा कुशाशनको लागि प्रयोग गरिने कुशका टुक्राको लम्बाईचार अंगुल हुनुपर्ने कुराहरू जानकारहरू बताउँदछन् । कुश प्रयोगमा आउने धेरै कर्महरू छन्, ती मध्ये केहीलाई यसरी स्मरण गर्न सकिन्छ । कुनै ब्राह्मणलाई दानदिनु पर्यो तर उनको अनुपस्थिति भएमा उनको प्रतिनिधि पात्र स्वरूप कुशको ब्राह्मण बनाई तहीँ दान दिएर ब्राह्मणका हातमा पुर्याउने चलन छ । त्यस्तै आफ्ना स्वर्गीय बृद्धबृद्धा बुबाआमा तिर्थमा जान ईच्छा प्रकट गर्नु भएको तर जान नसकेको अवस्थामा उहाँहरूको स्मरण गर्दै कुश लिएर तिर्थमा स्नान गर्यो भने उहाँहरूको तिर्थस्नानको ईच्छा पुरा हुन्छ भन्ने विश्वास रहीआएको पाइन्छ ।

बाढी पहिरोमा वा खोलानालामा परी लाश प्राप्त गर्न नसकिएका वा सय वर्ष भन्दा बढी समय देखि हराई सम्पर्कमा नआएका आफ्ना स्वजनहरूको क्रिया गर्नु परेमा तिनको मनुस्याकृति (पुत्ला) बनाई दाहसंस्कार गर्ने चलन छ । यस्तो पुत्लामा पनि कुशको प्रयोग गर्ने चलन रहेको पनि पाईन्छ । कुनै अनुष्ठानमा सरिक भई काम गर्नुपर्दा शिखा बन्धन गर्न मिल्ने टुप्पी भएन भने दाहिने कानमा कुश भुण्डाई शिखाको काम लिने गरिन्छ । कपास, लुगाकपडा त्यागेका योगी तपस्वीहरू कुशबाट नै जनै तथा अनन्त निर्माण गरी धारण गर्ने गरेको पाईन्छ । दाह्री कपाल खौरनु पर्ने काममा यसरी खौरन अनुकुल नभएको खण्डमा कुशको पात डुलाई (कुशले काटी) खौरने कार्य पुरा भएको मानिन्छ ।

यसरी हाम्रो संस्कृतिमा कुशको प्रयोग विभिन्न काममा गरिन्छ । कुश सत्वगुणको प्रतिक पनि मानिन्छ । यसको धारणबाट सत्गुणको वृद्धी हुन्छ भन्ने विश्वास छ । कुशको औंठी लगाई कुश मिसिएको गुन्द्रीमा बसी जप तप आदि अनुष्ठान कार्यमा सरिक हुँदा उर्जा शक्ति घनिभूत भई अनुष्ठान कर्ताको वरीपरीनै रहने हुँदा उर्जाशील ब्यत्तिव निर्माणमा सहयोग पुऱ्याउँछ भन्ने मान्यता छ । कुशको फेदमा ब्रह्मा, माझमा विष्णु र टुप्पामा शिवजीको वास हुन्छ भन्ने विश्वास छ । कुशको अभावमा यसको विकल्पको रूपमा काँस, दुबो, जौ, सिरू, सुन, चाँदी, तामा पनि प्रयोगमा ल्याउने प्रचलन छ । लगनशील, तिक्ष्ण, मेधावी विद्यार्थीको बुद्धीलाई कुशसँग तुलना गरी कुशाग्र बुद्धी भएको उपमा दिइन्छ । उसले सारतत्व फेलापार्ने क्षमता राखेको छ भन्ने बुझिन्छ ।

कुश सफा शुद्ध ठाउँमा उम्रेको र सर्लक्क परेको हुनु पर्दछ । कुश घरमा ल्याईसकेपछि हल्का सुकाई जतनसाथ प्राकृतिकपन नजाने गरी संरक्षण गर्नु पर्दछ र अफ किलो (सहजै पहुच नहुने) ठाँउमा राख्नु पर्दछ । पितृकार्यमा प्रयोग भएको जरासहितको कुश कहीं कतै सहर्न (उम्रन) नपाओस् भनी अग्नीमा जलाईदिनु पर्छ । भगवती नारायणीले ब्रह्माणी स्वरूप धारण गरी कुश मिश्रित जल छर्केर रक्षा गरेको कुरा शप्तसती चण्डीमा पाइन्छ ।

यसरी स्नान, जप, तप, होम आदि कार्यमा कुशको प्रयोग गरिने हुनाले हिन्दु वैदिक संस्कृतिमा अद्वितीय स्थान रहेको कुरा छर्लङ्ग हुन्छ । यसैदिन बुबालाई मिठा-मिठा परिकारहरू खुवाई वस्त्र प्रदान गरिन्छ भने बुबाको स्वर्गवास् भएका सन्तानहरूले गोकर्ण लगायत पायक पर्ने तिर्थमा गई श्रद्धा तर्पण गरी पितृलाई स्मरण गर्ने काम पनि हुन्छ । हामी हाम्रा पिता माता तथा गुरूजनप्रति सधैं भक्तिभाव त राख्छौं नै तरपनि यस्ता विशेष दिनमा विशेष प्रकारले स्मरण र श्रद्धाभाव प्रकट गर्ने परम्परागत चलन छ ।

# पाथीभरामा ११ करोडबढी भेटी संकलन

**ताप्लेजुङ ।** ताप्लेजुङस्थित प्रसिद्ध तीर्थस्थल पाथीभरा (मुक्कुमलुङ) मा हालसम्म साढे एघार करोड रूपियाँ बढी भेटी रकम सङ्कलन भएको छ । पाथीभरा क्षेत्र विकास समितिका अनुसार गत आर्थिक वर्ष सम्ममा पाथीभरामा कुल ११ करोड ६४ लाख ९० हजार ७४ रूपियाँ भेटी सङ्कलन भएको हो ।

कार्यकारी निर्देशक प्रजिन हाङ्बाङ्का अनुसार कुल भेटीमध्ये अघिल्लो आर्थिक वर्षसम्मको अ.ल्या. रकम आठ करोड नौ लाख छ हजार ३६३ रूपियाँ रहेको थियो । त्यस्तै गत आ.व. २०८१/८२ मा तीन करोड ११ लाख ६४ हजार ६७६ रूपियाँ भेटी सङ्कलन भएको छ । दाताबाट दान सहयोगबापत प्राप्त रकम २७ लाख ७७ हजार ४४३ रूपियाँ र बैङ्कको ब्याजबाट प्राप्त १६ लाख ४१ हजार ५९१ रूपियाँ रहेको छ ।

यता गत आवसम्म सङ्कलित उक्त भेटी रकममध्ये हालसम्म आठ करोड २९ लाख ७७ हजार ३०० रूपियाँ खर्च भइसकेको छ । पाथीभरा धाम तथा पाथीभरा क्षेत्रको प्रबर्द्धन र पूर्वाधार विकासका कार्यमा उक्त रकम खर्च भएको समितिले जनाएको छ । खर्च भएर बाँकी रहेको भेटी रकम तीन करोड ३५ लाख १२ हजार ७७३ रूपियाँ समितिको खातामा मौज्दात रहेको पनि समितिले जानकारी दिएको छ ।

समितिका अनुसार विभिन्न ४६ देशका हालसम्म १० लाख ३९ हजार २३ विदेशी मुद्रा पनि भेटीका रूपमा सङ्कलन भएको जनाइएको छ । यस्तै हालसम्म पाथीभरामा १७८ तोला ८२ लाल १ नम्बरको सुन सङ्कलन भएको छ । पाँच हजार २९८ तोला असली चाँदी, छ हजार ५३९.७७५ किलोग्राम तामा र १६ हजार ३६८.१०० किलोग्राम घण्टी पनि सङ्कलन गरिएको समितिले जनाएको छ ।

## मेरो भ्वाइस युनिभर्स-सिजन २ :

# फाइनलमा पुगेका प्रशान्तलाई जिताउन जिल्लाभर कार्यक्रम







**बुद्धशान्ति (पालिका सन्देश)।** सबैभन्दा ठूलो नेपाली गायन रियालिटी शो "मेरो भ्वाइस युनिभर्स- सिजन २" को फाइनलमा पुग्न सफल नेपालकै एकमात्र प्रतिष्पर्धी झापा बुद्धशान्तिका प्रशान्त पोखरेललाई जिताउन अभियान नै थालिएको छ । बुद्धशान्ति-३ का १८ वर्षीय प्रशान्तलाई जिताउने देशव्यापी अभियानको अगुवाई बुद्धशान्तिबासीहरूले गरेका छन् ।

स्थानीय समाजसेवी मदन प्रसाईंको संयोजकत्वमा प्रशान्त पोखरेल जिताऔँ अभियान मूल समिति गठन गरेर प्रशान्तलाई जिताउन आव्हान गर्दै विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ । यसैक्रममा प्रशान्तले अध्ययन गरेको बुद्धआदर्श माविमा मूल समितिले पत्रकार सम्मेलन गरी नेपालको एकमात्र गौरव प्रशान्तलाई तन, मन र धनले जिताउन सम्पूर्णलाई आग्रह गरेको छ । पत्रकार सम्मेलनमा बोल्दै मूल समितिका संयोजक प्रसाईंले नेपालका एकमात्र प्रतिष्पर्धी प्रशान्तलाई जिताउन आव्हान गर्दै उनको जित नेपाल र नेपालीहरूको जित हुने बताए । प्रशान्तलाई बिजेताको रूपमा सम्मान गर्न आफूहरूले व्यग्र प्रतीक्षा गरिरहेको उनले बताए ।

प्रशान्त पोखरेल जिताऔँ अभियानअन्तर्गत जिल्लाको भद्रपुर, जयपुर, शनिश्चरे, धुलाबारी, सुरूङ्गा, काँकरभिट्टा, चारआली, शान्तिनगर, बुधबारे लगायतका क्षेत्रहरूमा विभिन्न सांगीतिक प्रस्तुति दिएको अभियानका सचिव धरणीधर पोखरेलले बताएका छन् । उनले आगामी शनिबार हुने फाइनलका लागि आजैबाट अत्याधिक भोट दिएर विजेता बनाउन आव्हान गरेका छन् ।

कार्यक्रममा सल्लाहकार समितिका संयोजक चन्द्र भण्डारीले प्रशान्तले जित्दा प्रधानमन्त्री केपी शर्मा ओली, सभामुख देवराज घिमिरेसहित आम नेपालीले जित्ने हुँदा व्यक्ति, राजनीतिक दल, संघ संस्थासहित सिंगो देश नै जिताउन लाग्नुपर्नेमा जोड दिएका छन् । उनले आफूहरू प्रशान्त पोखरेल जिताऔँ अभियानमा लागेकाले अरूलाई पनि त्यस अभियानमा जोडिन अपिल गरेका छन् ।

सांगीतिक कार्यक्रममा हरेक ठाउँमा उनले गीत प्रस्तुत गर्दै आफूलाई अत्यधिक भोट दिएर विजयी बनाउन अनुरोध गरेका छन् । उनलाई गीत गाउन सँगै प्रतिस्पर्धामा रहेका साथी अभिजित अधिकारीले पनि दर्बिलो साथ दिएका छन् । उनी यसअघि टप टेन प्रतिस्पर्धाबाट बाहिरिएका थिए । प्रशान्तका लागि भोट माग्दै अभिजितले प्रशान्तको जितलाई आफ्नो पनि जितको रूपमा लिने बताए ।

त्यस्तै सप्तक संगीत विद्यालय बिर्तामोडका संगीत प्रशिक्षक सरोज वत्सले प्रशान्तले जित्नु भनेको सप्तकले मात्र नभई झापा अनि सिंगो देशको जित हुने भएकाले अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिताको फाइनलमा पुग्न सफल प्रशान्तलाई जसरी भएपनि जिताउन अपिल गरे । प्रशान्त सप्तक संगीत विद्यालयका विद्यार्थी हुन् । उनीसहित अभिजित अधिकारी र उदास शंकरले मेरो भ्वाइस युनिभर्स- सिजन २ मा भाग लिएका थिए ।

**को हुन् प्रशान्त ?**

युवराज पोखरेल र टीका पोखरेलका दुई छोरा र एक छोरीमध्ये प्रशान्त कान्छा छोरा हुन् । उनले नर्सरीदेखि कक्षा ८ सम्म कान्तिपुर विद्या सदनमा अध्ययन गरेका थिए । त्यसपछि कक्षा ९ देखि १२ सम्म उनले बुद्धआदर्श माविमा अध्ययन गरेका हुन् । भर्खरै भएको कक्षा १२ को परीक्षामा उनी उत्तीर्ण भएका छन् । सप्तक संगीत विद्यालयमा उनले विगत ६ वर्षदेखि संगीत सिक्दै आएका छन् । शास्त्रीय संगीतमा दख्खल भएका प्रशान्तले सारेगमप च्याम्प, द भ्वाइस अफ नेपाल जस्ता प्रतियोगितामा भाग लिएका थिए । नेपाल टेलिभिजनबाट प्रसारण हुँदै आएको मेरो भ्वाइस युनिभर्स- सिजन २ को फाइनल आउँदो शनिबार रहेको छ । इन्ट्रा नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसनले सो प्रतियोगिता आयोजना गरेको हो ।

**कसरी भोट गर्ने ?**

आउँदो शनिबार हुने मेरो भ्वाइस युनिभर्स सिजन २ को फाइनलमा ६ जना पुगेका छन् । प्रशान्तसँगै कतार, हङकङ, सिक्किम, दार्जिलिङ र जापानका अन्य पाँचजना नेपाली फाइनलिस्ट बनेका हुन् । प्रशान्तलाई एसएमएस र एपमार्फत भोट गर्न सकिने छ । एसएमएसमार्फत MVU<space> ०८ लेखेर ३७००० मा पठाउनुपर्नेछ । त्यस्तै एपमार्फत MY INTRA एप डाउनलोड गरी mero voice universe मा गई प्रशान्त पोखरेलमा क्लिक गर्नुपर्नेछ । बिजेताले एक करोड पुरस्कार पाउने छन् भने उपबिजेताले २५ लाख तथा तृतीय हुनेले १० लाख पुरस्कार पाउने छन् ।

# खेतमै जान्छ किसानको ज्यान

**झापा (पालिका सन्देश) ।** पर्याप्त सिँचाइ सुविधा नहुनु र समयमा आकाशे पनि नपर्दा विद्युतीय मोटरबाट खेतमा पानी लगाउन बाध्यतामा रहेका कृषकले ज्यान गुमाइरहेका छन् । विद्युतीय मोटर, बोरिङमार्फत सिँचाइ गर्ने क्रममा करेन्ट लागेर किसानले ज्यान गुमाइरहेका हुन् ।

जिल्ला प्रहरी कार्यालय झापाको तथ्यांकलाई हेर्दा वैशाखयता करेन्ट लागेर ६ जनाको मृत्यु भएको छ । खेतमा पानी लगाउने क्रममा ज्यान गुमाएका हुन् । ६ मध्ये चारजनाको पछिल्लो दुई महिनामा ज्यान गएको हो । यस वर्ष खेतीको समयमा पानी परेन । सिँचाइ सुविधा नभएका क्षेत्रमा विद्युतीय मोटरमार्फत सिँचाइ गर्नुपर्ने बाध्यता थियो । तसर्थ अधिकांश किसानलाई खेतमै जोखिम भएको गौरादहका कृषक इन्द्र पोखरेल बताउँछन् ।

'किसानलाई जताततै जोखिम छ । सरकारले बिजुलीको मोटर दिन्छ, तर खेतसम्म पोल पुर्‍याउँदैन । बाँसको पोलबाट बिजुली लगेर मोटर चलाउनुपर्ने बाध्यता छ । जसले गर्दा करेन्ट लाग्ने सम्भावना धेरै छ,' उनी भन्छन्, 'यसरी जोखिम मोलेर उत्पादन गर्‍यो । धानले मूल्य पाउँदैन । समयमा मल पाइँदैन । किसानलाई राज्यले हेर्ने दृष्टिकोण नै फरक भयो ।'

कृषि ज्ञान केन्द्र झापाका अनुसार झापामा करिब ४० प्रतिशत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा छैन । ती खेतीयोग्य जमिनमा कि त अकासे पानीको भर पर्नुपर्ने कि त बोरिङ वा पानी तान्ने विद्युतीय मोटरबाट सिँचाइ गर्नुपर्ने बाध्यता रहेको कृषि ज्ञान केन्द्र झापाका प्रमुख सागर विष्ट बताउँछन् । यसरी बोरिङ वा विद्युतीय मोटरबाट भूमिगत सिँचाइ गर्दा किसानमा विद्युतीय सामग्री सुरक्षाको चेतना नहुँदा करेन्ट लागेर ज्यान गुमाउनुपर्ने अवस्था रहेको उनी बताउँछन् । 'यसपटक समयमा पानी परेन । तसर्थ सिँचाइ सुविधा नपुगेका कृषकले मोटरबाट सिँचाइ गरेर पानी लगाउनुपर्‍यो ।

विद्युतीय सामग्रीको सुरक्षा र प्रयोग गर्ने चेतना अभाव हुँदा कृषकले करेन्ट लागेर ज्यान गुमाएको अवस्था पनि छ,' उनले भने, 'यसपटक गत वर्षको तुलनमा सिँचाइका लागि धेरै मोटर चलाउनुपरेको छ । गत वर्षको भन्दा करिब ३ प्रतिशत खेती घट्ने र समयमा पानी नपर्दा बुढो बीउ रोपेका कारण उत्पादनमा पनि कमी आउने आकलन गरेका छौँ ।'

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक खगेन्द्र खड्काले किसानहरु सचेत नहुँदा खेतमा पानी लगाउने क्रममा करेन्ट लागेर मृत्यु हुने गरेको बताए । 'करेन्ट लागेर बिगतदेखि नै किसानको मृत्यु हुने गरेको थियो । यो सचेतनाको अभावका कारण हो । करेन्ट कसरी प्रवाह हुन्छ । यसले कस्तो क्षति हुन्छ भन्ने सचेतना किसानलाई आवश्यक छ,' उनी भन्छन् ।

## तपाईंको साताको राशिफल




**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
साताको प्रारम्भमा सञ्चित धनमा वृद्धि हुनेछ। बच्चाहरूको पढाइ लेखाइलाई लिएर मन चिन्तित रहनेछ। साताको मध्यमा कार्यक्षेत्रमा सहयोगीहरूबाट सहयोग पाइनेछ।

**वृष (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो)**
साताको प्रारम्भमा मान प्रतिष्ठामा वृद्धि हुनेछ। कार्यक्षेत्रमा नयाँ कार्यको प्रस्तावहरू हाथ लाग्ने छन्। साताको मध्यमा बोलिको प्रभावले कार्य सिद्ध हुनेछ। भाइबहिनीहरूको सहयोग पाइनेछ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, हा)**
साताको प्रारम्भमा वैदेशिक क्षेत्रबाट लाभ रहनेछ। स्वास्थ्यलाई लिएर सजग रहनुहोला। साताको मध्यमा लगनशीलताले लक्ष्यमा पुग्न गाह्रो नहोला।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
साताको प्रारम्भमा शेयर बजारबाट मनग्य लाभ प्राप्त हुनेछ। आफन्तहरू मध्य स्वादिष्ट भोजनको आनन्द लिने अवसर जुट्नेछ। साताको मध्यमा विदेशतिरबाट शुभ सूचना मिल्नेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
साताको प्रारम्भमा नोकरी वा पेशामा अधिकारी वर्गहरूबाट सहायता पाइनेछ। राजनीतिक क्षेत्रमा प्रसिद्धि बढ्नेछ। साताको मध्यमा आयस्रोत बढ्नेछ। महत्वाकांक्षी योजनाहरू पूरा हुनेछन्।

**कन्या (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो)**
साताको प्रारम्भमा धर्म कर्ममा मन लाग्नेछ। विद्यार्थीहरूलाई नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ। साताको मध्यमा कार्यक्षेत्रमा पिताको साथ मिल्नेछ। व्यापार व्यवसायमा लाभ रहनेछ।

**तुला (रा, रि, रु, रे, रो, ता, ति, तु, ते)**
साताको प्रारम्भमा असंयमित व्यवहारले समस्या निम्ताउन सक्ला सावधान रहनुहोस्। विद्यार्थी वर्गहरूले पठन-पाठनमा आलस्य गर्नदेखि बच्नुहोला।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
साताको प्रारम्भ राम्रो रहेको छ। आत्मविश्वासमा वृद्धि हुनुका साथै नयाँ कार्य प्रारम्भ गर्ने योजनाको रूपरेखा बन्नेछ। साताको मध्यमा वैदेशिक रोजगारको नयाँ अवसर मिल्नेछ।

**धनु (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे)**
साताको प्रारम्भमा प्रतियोगी परीक्षामा सफलता मिल्नेछ। वित्तीय वा सहकारी संस्थाबाट लाभ मिल्नेछ। साताको मध्यमा दाम्पत्य जीवन सुमधुर रहनेछ। उपहारमा प्राप्त होला।

**मकर (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि)**
साताको प्रारम्भमा प्रेम र मित्रताको बन्धन कसिनेछ। शिक्षाको क्षेत्रमा सफलता मिल्नेछ। साताको मध्यमा अरुको विश्वासमा कुनै कार्य अधुरो नछोड्नुहोस्।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, दा)**
साताको प्रारम्भमा बोलीको विपरीत अर्थ लाग्नेछ। राजनीतिक वा प्रशासनिक क्षेत्रको कार्यमा बाधा आउनेछ। साताको मध्यमा मित्रहरूबाट रोकिएको कार्य बन्नेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि)**
साताको प्रारम्भमा आफन्तहरूको साथमा रमाइलो समय बित्नेछ। माताको स्वास्थ्यलाई लिएर चिन्ता रहनेछ। नयाँ कामको थालनीमा उपयुक्त समयको प्रतिक्षा गर्नुहोला।

# चार महिनामा दुई हजारबढी विपदका घटना, १२६ जनाको मृत्यु

**झापा ।** गएको बैशाखदेखि साउन मसान्तसम्म देशभर कुल दुई हजार ८५३ वटा बिपद्का घटना घटेका छन् । ती घटनामा परेर एक सय २६ जनाको निधन भएको छ । यस्तै पाँच सय ८५ जना घाइते भएका छन् ।

राष्ट्रिय बिपद् जोखिम न्यूनीकरण तथा व्यबस्थापन प्राधिकरणका अनुसार बिपदमा परेर २३ जना बेपत्ता हुँदा पाँच हजार ४१ परिवार प्रभावित भएका छन् । देशभर बाढीका दुई सय १६, पहिरोका तीन सय १७, भारी वर्षाका दुई सय २१, चट्याङका दुई सय ४५, सर्पदंशका ७७ घटना घटेका छन् ।

त्यसैगरी, आगलागीका एक हजार ११४, डढेलोका एक सय ५८, हुरीबतासका दुई सय ७७, जनावर आक्रमणका एक सय ७२, लेक लागेको ४६, भूकम्पका पाँच, डुङ्गा पल्टेर दुई, असिना हुरी र अन्यका एक-एकवटा बिपद्का घटना घटेका छन् ।

प्राधिकरणका अनुसार साउन ३१ गते मात्र आगलागीका सात, बाढी एक, पहिरोका आठ, अविरल वर्षा चार, जनावर आक्रमणका तीन घटना घटेका छन् ।

बिपदमा परेर एक जनाको ज्यान गएको छ । अनुमानित क्षति रू ३८ लाख ४० हजार बराबर भएको छ । विपद्बाट प्रभावितको खोज, उद्धार र राहतका लागि एक सय ४० प्रहरी परिचालन गरिएको छ ।

## सूचना । सूचना । सूचना ।

**इलाम जिल्ला फाकफोकथुम गाउँपालका-२ बस्ने भारतीय आर्मी नम्बर ३४३००८ राइफलमेन ५/११ को श्री धनराज तामाङको नाति श्री दिलप्रसाद तामाङको छोरा श्री चन्द्रबहादुर तामाङको श्रीमती जिल्ला पाँचथर साविक चिलिङ्दिन-९ हाल फाल्गुनन्द गाउँपालिका-४ बस्ने श्री भवानी प्रसाद नेम्वाङको नातिनि मनराज नेम्वाङको छोरी टिकामाया नेम्वाङ तामाङको श्रीमानको भारतीय दस्तावेजमा टिकामाया तामाङ नेम्वाङ लेखिएको हुँदा अब उप्रान्त नेपाली नागरिकता बमोजिम नै श्रीमती टिकामाया नेम्वाङ कायम गर्नको निम्ति सर्वसाधारणमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।**

# विषाक्त मदिरा प्रयोगका कारण कुवेतमा एघार नेपालीको मृत्यु

**झापा ।** विषाक्त मदिरा प्रयोगका कारण वैदेशिक रोजगारीमा कुवेतमा कार्यरत ११ जना नेपाली श्रमिकको मृत्यु भएको छ । कुवेतस्थित नेपाली दूतावासका अनुसार विषाक्त मदिराको प्रयोग गरेर कुवेतका विभिन्न अस्पतालमा भर्ना भएका ४० जना नेपाली श्रमिकमध्ये ११ जनाको मृत्यु भइसकेको पुष्टि त्यहाँको अस्पतालले गरेको हो ।

दूतावासका अनुसार मृत्यु हुने श्रमिकमध्ये १० जनाको नाम र ठेगाना पुष्टि भइसकेको र एक जनाको पुष्टि हुन बाँकी रहेको छ । पुष्टि भएका मृतक श्रमिकका परिवारले नाम र ठेगाना सार्वजनिक नगर्न आग्रह गरेबमोजिम नै नाम र ठेगाना सार्वजनिक गरिएको छैन । विषाक्त मदिरा पिएर मृत्यु हुने श्रमिक पुरुष २२ वर्षदेखि ४५ वर्ष उमेर समूहका रहेका छन् । उनीहरूमध्ये अधिकांशले कुवेतका उत्पादन तथा सेवाका कम्पनीमा एक वर्षदेखि पाँच/छ वर्षसम्म काम गरिरहेको दूतावासले जनाएको छ ।

अस्पतालमा भर्ना भएका बिरामीमध्ये १५ जनाको अति विशेषकक्ष (आइसियु) मा राखेर उपचार भइरहेको छ भने बाँकी १३/१४ जनाको सामान्य अवस्था रहेको र केहीको अस्पतालबाट डिस्चार्जसमेत भएको दूतावासले जानकारी गराएको छ । अस्पतालको प्रारम्भिक रिपोर्टमा मदिराका प्रयोग गरेर मृत्यु हुनुको कारण मदिरमा मेथानोल नामको रसायन पाइएकाले त्यसको असरले हुन सक्ने उल्लेख छ ।

आइसियुमा उपचार भएकामध्ये अधिकांश खतरामुक्त भइसकेको र केहीको भने अझै खतरामुक्त भन्न सक्ने अवस्था नरहेको उपचाररत चिकित्सकको भनाइ उद्धृत गर्दै दूतावासका श्रमसहचारी गिरिप्रसाद आचार्यले बताए ।

# ९४ प्रतिशत बढी रोपाइँ

**बुद्धशान्ति ।** मुलुकमा यसपालि १ भदौसम्म ९४ प्रतिशतभन्दा बढी धान रोपाइँ भएको छ । यो परिमाण गत वर्ष सोही अवधिको दाँजोमा ४ प्रतिशतभन्दा कम हो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उपलब्ध गराएको तथ्यांक अनुसार १ भदौसम्म ९४.१५ प्रतिशत धान रोपाइँ भएको हो । २ भदौ २०८१ मा भने ९८.४४ प्रतिशत रोपाइँ भएको थियो ।

मन्त्रालयका अनुसार १३ लाख ७६ हजार ४ सय ६६ हेक्टर धान रोपाइँ हुने क्षेत्रफलमध्ये १ भदौसम्म १२ लाख ९५ हजार ८ सय ८७ हेक्टरमा धान रोपाइँ भएको छ । कोशीमा २५ साउनसम्म ९४.४२ प्रतिशत रोपाइँ भएको छ । कोशीमा धान रोपाइँ हुने २ लाख ७६ हजार ३ सय ८६ हेक्टर क्षेत्रफलमध्ये २ लाख ६० हजार ९ सय ६४ हेक्टरमा रोपाइँ सकिएको छ । यहाँ गएको वर्ष सोही अवधिमा ९९ प्रतिशत रोपाइँ भएको थियो ।







# लामखुट्टेबाट सर्ने रोगबाट बचौं

*लामखुट्टेको टोकाईबाट औलो (मलेरिया), डेंगी, कालाजार, जापानीज इन्सेफलाइटिस जस्ता संक्रामक रोग लाग्न सक्दछ ।*

**त्यसैले, लामखुट्टेको टोकाइबाट बच्न :**

- घर वरिपरी पानी जम्न नदिऔं,
- घर तथा गोठ वरिपरी सफा सुग्घर राखौं,
- गोठ तथा खोर घरभन्दा टाढा राखौं,
- पुरा बाहुला भएको कपडा लगाऔं,
- सुत्दा झुल लगाएर मात्र सुतौं,
- झ्याल तथा ढोकामा लामखुट्टे पस्न नदिन जाली लगाऔं ।

**'लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं'**

रोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, रोङ (इलाम)

# कनकाई घाटमा विद्युतीय शवदाह गृह

## अब दाउराको सट्टा बिजुली, ३ घण्टाको काम ५० मिनेटमा

**कनकाई (पालिका सन्देश)।** झापाको कनकाई नगरपालिकास्थित पवित्र कनकाई घाटमा अब दाउराको धुवाँ र घण्टौंको प्रतीक्षाबिना नै अन्तिम संस्कार गर्न सकिने भएको छ । कोशी प्रदेश सरकार, कनकाई नगरपालिका र दाताहरूको संयुक्त लगानीमा दुई करोड ३० लाखको लागतमा अत्याधुनिक विद्युतीय शवदाह गृह निर्माण सम्पन्न भएको हो । यो महत्वपूर्ण परियोजना कोशी प्रदेश सरकारको दुई करोड, कनकाई नगरपालिकाको २० लाख र विभिन्न दाताहरूको १० लाखको सामूहिक लगानीमा साकार भएको हो ।

कनकाई नदीको पूर्वी तटमा निर्माण गरिएको यो शवदाह गृहले समय, स्रोत र वातावरण संरक्षणमा ठूलो योगदान पुर्‍याउने अपेक्षा



गरिएको छ । कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलका अनुसार, प्रदेश सरकारसँगको सम्झौता बमोजिम शवदाह गृहको सञ्चालन तथा व्यबस्थापनको जिम्मा नगरपालिकाले लिएको छ ।

'शवदाह गृह सञ्चालनका लागि हामीले कार्यविधि नै तयार गरिसकेका छौं', प्रमुख पोखरेलले भने, 'अबको एक साताभित्रै यसलाई विधिवत रूपमा सञ्चालनमा ल्याउने तयारी छ ।' विद्युतीय शवदाह गृह पूर्वाधार निर्माण समितिका संयोजक गोपाल खरेलले भारतीय प्राविधिक टोली निर्माण कार्य उत्कृष्ट ढंगले सम्पन्न गरेर फर्किसकेको जानकारी दिए । गत साउन २७ गते झापा गाउँपालिकाकी ८० वर्षीया हेमती राजवंशीको शव दहन गरेर यसको सफल परीक्षणसमेत गरिएको थियो ।

**समयको ठूलो बचत, वातावरणलाई राहत**

खरेलका अनुसार विद्युतीय प्रणालीबाट एउटा शव दहन हुन करिब ५० मिनेट मात्र लाग्छ, जबकि दाउरा प्रयोग गर्दा तीनदेखि साढे तीन घण्टा लाग्ने गरेको थियो । यसले शोकसन्तप्त परिवारजनको लामो र कष्टकर प्रतीक्षालाई अन्त्य गर्नेछ ।

वि.सं. २०६७ मा स्थापना भएको कनकाई घाटमा हालसम्म पाँचवटा परम्परागत चितास्थल सञ्चालनमा छन् । विद्युतीय शवदाह गृहको सुरूवातले स्थानीयस्तरबाट लामो समयदेखि उठ्दै आएको माग सम्बोधन भएको छ । यसले दाह संस्कारमा प्रयोग हुने दाउराको खपतलाई न्यूनीकरण गरी वनजंगल संरक्षणमा मद्दत पुर्‍याउने र धुवाँरहित प्रविधिले वातावरणीय स्वच्छता कायम राख्न सघाउने विश्वास लिइएको छ ।

## वैदेशिक रोजगार विभागमा न्याय माग्ने श्रमिक बढे



**झापा (पालिका सन्देश) ।** वैदेशिक रोजगार विभागमा न्याय माग्दै परेका उजुरी संख्या ३६ हजार नाघेको छ । वैदेशिक रोजगारी क्रममा ठगीमा परेका, अलपत्र पारिएका तथा करार अनुसार काम र तलब नपाएका श्रमिकले दिएका उजुरीको यति ठूलो संख्या फछ्र्योट हुन नसकेको हो ।

विभागका महानिर्देशक कमलप्रसाद भट्टराईले २०६४ सालदेखिका उजुरी फछ्र्योट हुन बाँकी रहेको बताए । विभागमा दैनिक करिब २ सय हाराहारी नयाँ उजुरी थपिने गरेको उनको भनाइ छ । गत आर्थिक वर्ष २०८१/८२ मा मात्रै राहत उद्धारतर्फ १ हजार ८ सय २२ र मुद्दा शाखामा ५ हजार ६ सय ३२ र प्रहरी शाखामा ५ हजार ३ सय ३७ उजुरी परेका थिए । तीमध्ये राहत उद्धारमा ९ सय ७९, मुद्दा शाखा ५ सय २८ र प्रहरी शाखामा ४ हजार ८ सय ७६ उजुरी फछ्र्योट भएका थिए । विभाग परिसरमा रहेको प्रहरी शाखाले भने आफ्नो तर्फबाट गर्नुपर्ने कार्य तीव्र गतिमा हुँदै आएको देखिन्छ ।

'हामीसँग २०६४ सालदेखिका उजुरी छन्,' महानिर्देशक भट्टराईले भने, ' यो ठूलो संख्याको उजुरी फछ्र्योटका लागि हामीसँग सीमित कर्मचारी छन्, जसले गर्दा प्रक्रियामा ढिलाइ भइरहेको छ ।' उजुरीको यो चाङ व्यबस्थापन गर्न र पीडितलाई छिटो न्याय दिलाउन विभागले नयाँ कार्ययोजना अगाडि बढाएको छ ।

महानिर्देशक भट्टराईका अनुसार पुराना उजुरी चरणबद्ध फछ्र्योट गर्ने योजना बनाइएको छ । ' हामीले २०७० सालदेखिका उजुरीलाई प्राथमिकतामा राखेर काम सुरु गर्ने तयारी गरेका छौं । पहिलो चरणमा २०६४ देखि २०७० सालसम्मका उजुरी टुंग्याउने, त्यसपछि क्रमशः २०७२, २०७५ हुँदै हालसम्मका उजुरी हेर्नेछौं,' उनले भने । वैदेशिक रोजगारीसँग सम्बन्धित कानुन समयसापेक्ष बनाउन र प्रक्रिया सरल बनाउन केही नेपाल ऐनमा संशोधन पहल भइरहेको भट्टराईले बताए । कानुनी सुधारपछि मुद्दाको प्रक्रिया छिटो र सहज हुने विभागको अपेक्षा छ ।

## चारवटा बुँदा नसच्याए प्याब्सन आन्दोलनमा जाने

**बुद्धशान्ति (पालिका सन्देश)।** शिक्षा स्वास्थ्य तथा सूचना प्रविधि समितिले पास गरेको प्रस्तावित शिक्षा विधेयकका केही बुँदामा असहमति जनाउँदै आन्दोलनमा रहेको निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) ले झापाका १४ वटै स्थानीय तहमा ज्ञापनपत्र बुझाएको छ ।

प्याब्सनको केन्द्रीय कार्यसमितिको निर्णय अनुसार प्याब्सन झापाले समेत झापामा सात वटा नगरपालिका र सात वटा गाउँपालिकाका प्रमुख, उपप्रमुख तथा शिक्षा शाखा प्रमुखलाई ज्ञापनपत्र बुझाएको प्याब्सन झापाका अध्यक्ष छत्रबहादुर कार्कीले जानकारी दिए । कचनकवल गाउँपालिकामा भने प्याब्सनको सदस्य विद्यालय नरहेको बताइएको छ ।

प्याब्सनमा आबद्ध झापामा तीनसय १८ सदस्य विद्यालय रहेका छन् । ज्ञापनपत्र बुझाउने क्रममा प्याब्सन झापाका पदाधिकारी सहित पालिकामा गठित प्याब्सनका पदाधिकारी, एन प्याब्सन, हिसान लगायतका निजी शिक्षालयहरूको समेत सहभागीता रहेको थियो । चारसय भन्दा बढी सदस्य विद्यालयहरूका संस्थापक प्रिन्सिपल, सञ्चालक तथा शिक्षक कर्मचारीको उपस्थितिमा झापाका १५ वटै स्थानीय तहमा पुगेर शिक्षा विधेयकमा समाबेश गरिएका मुख्य चार वटा बुँदा सच्याउन माग गर्दै ज्ञापन पत्र बुझाइएको थियो ।

यता बुद्धशान्ति गाउँपालिकामा पनि ज्ञापन पत्र बुझाइएको छ । गाउँपालिका उपाध्यक्ष भवानीप्रसाद खतिवडा र शिक्षा प्रमुख कमल निरौलालाई संयुक्त रूपमा ज्ञापनपत्र हस्तान्तरण गरिएको प्याब्सन बुद्धशान्ति पालिका अध्यक्ष तिलक पाखिनले बताए ।

## बचत तथा ऋणको कारोबार गर्ने सहकारीलाई प्राधिकरणमा दर्ता अनिवार्य

**झापा ।** राष्ट्रिय सहकारी नियमन प्राधिकरणले बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारीलाई प्राधिकरणमा अनिवार्य दर्ता गर्नुपर्ने व्यबस्था गर्ने तयारी थालेको छ । प्राधिकरणले यही भदौदेखि नै दर्ता प्रक्रिया थाल्ने भएको हो ।

जसका लागि मापदण्ड तर्जुमा गरि कार्यान्वयनको चरणमा रहेको प्राधिकरणका बोर्ड सदस्य तथा कार्यकारी निर्देशक शेषनारायण पौडेलले जानकारी दिए । उनले भने, 'बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको दर्ता मापदण्ड, २०८२ तर्जुमा भई कार्यान्वयनको तयारीमा रहेको छ । सहकारी दर्ताको लागि एक अलग्गै दर्ता सफ्टवेयरको निर्माण भई लन्च गर्ने तयारी भइरहेको छ । २०८२ भाद्र महिना भित्रमा दर्ता प्रक्रियाको थालनी गरिने योजना रहेको छ ।'

प्राधिकरणले नियम बमोजिम कुनै विषयमा पालना नगर्ने नगराउने बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थालाई पाँच लाख रूपैयाँदेखि १५ लाख रूपैयाँसम्म जरिवाना गर्ने समेत जनाएको छ ।


# विपद्को पूर्वतयारी गरौं

- सम्भावित जोखिमको मूल्यांकन गरौं,
- भूकम्प, बाढी, आगोलागी जस्ता सम्भावित विपदको बारेमा सचेत बनौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन योजना बनाऔं,
- घर परिवार र छिमेकीहरुसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाना, पानी, प्राथमिक उपचार बक्स, टर्चलाइट, आवश्यक औषधि आदि तयार राखौं,
- विपद् व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, बृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं,
- विपदको सामना गर्न तयार होऔं, क्षति हुन नदिऔं ।

अर्जुनधारा नगरपालिका
गाउँ कार्यपालिकाको कार्यालय, अर्जुनधारा (झापा)